# संघीय संसद
# राष्ट्रिय सभा
# सत्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १४ चैत २०८१
# बिहीबार
# बैठक सङ्ख्या- १८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दहालको अध्यक्षतामा दिनको १२:२५ बजे प्रारम्भ भयो।

(१२:२५ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।के होला माननीयज्यूहरु? माननीय डा. बेदुराम भुसाल।

(१२:२६ बजे) माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):- सम्माननीय अध्यक्षज्यू महोदय, कुलमान घिसिङलाई विद्युत प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाउने सरकारको निर्णय भयो। यो निर्णय आम जनसरोकारको विषय बनेको छ। उक्त निर्णय भएपश्चात जनताहरूले .....

(१२:२६ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, जो बोल्ने माननीय हुनुहुन्छ। बोलिराख्नु भएको छ। अरु माननीय बसिदिनुहोला आफ्नो सिटमा। बस्नको लागि विशेष आग्रह गर्दछु।

(१२:२६ बजे) माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):- अ..... यो जनताले विरोध गरिराख्या छन्। संसदमा पनि कुरा उठिरहेको छ। अ

..... अब संसदमा आएर प्रधानमन्त्रीले जवाफ दिनुपर्छ भन्ने मागलाई सुनुवाई गरिएको छैन। यो निर्णय मन्त्रीपरिषद्को निर्णय हो। त्यसले गर्दा यो प्रधानमन्त्रीको निर्णय हो। प्रधानमन्त्रीले यो निर्णय किन गर्न पर्‍यो भन्ने कुराको जवाफ दिनुपर्छ। हाम्रो संविधानको धारा ७६ उपधारा (१०) बमोजिम प्रधानमन्त्री संघीय संसद प्रति उत्तरदायी रहने व्यवस्था छ। संघीय संसद प्रति जवाफदेही हुने व्यवस्था छ। तर हाम्रो वर्तमान प्रधानमन्त्रीज्यूले संसदमा आएर जवाफ दिने होइन। सार्वजनिक कार्यक्रममा गएर मैले जवाफ दिन आवश्यक छैन भन्ने आसय प्रकट गर्नुभएको आज सर्वत्र चर्चामा छ। मिडियामा आइरहेको छ। यो खालको संसदप्रति अनुत्तरदायी हुने संसदमा उठेका विषयलाई गम्भीरतापूर्ण नलिने। र आएर जवाफपनि नदिने जुन खालको व्यवहार प्रधानमन्त्रीज्यूले देखाउनुभएको छ। यो संविधानतः गलत छ। संविधानले जो संघीय संसदप्रति उत्तरदायी हुनुपर्ने व्यवस्था गरेको छ। त्यसो विपरीत छ। त्यसले गर्दा जबसम्म सम्माननीय प्रधानमन्त्रीज्यू आएर यो निर्णयका सम्बन्धमा यहाँ सदनमा उठेका विषयको सम्बोधन गर्नुहुन्न तबसम्म यो संसदको सदन चल्न सक्दैन। यो नचलाइयोस् भन्ने हाम्रो सम्पूर्ण प्रतिपक्ष दलहरूको तर्फबाट म हार्दिक अनुरोध गर्दछु। धन्यवाद।

(१२:२८ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, माननीय सदस्यहरूको तर्फबाट माननीय डाक्टर बेदुराम भुसाल सदस्यले आफ्ना धारणाहरू राख्नु भएको छ। यस विषयमा सभाको मैले हिजै देखिन् नै भनिराछु। गम्भीर रुपले ध्यानाकर्षण भएको छ। माननीय सदस्यहरूले जुन विषय राख्नुभएको छ। यसले सभाको मात्रै होइन सिङ्गो राष्ट्रकै ध्यानाकर्षण भएको पनि अनुभूत भइराखेको छ। यस सन्दर्भमा माननीय सदस्यहरूको चाहिँ सबै आफ्नो स्थानमा बसेर यो सभा सञ्चालनको निम्ति सहयोग गर्न म विशेष आग्रह गर्न चाहन्छु। माननीय सदस्यहरू, आफ्नो यथास्थानमा बस्नुहोस् र हाम्रो आजको चाहिँ सदनको कार्यवाही अगाडि बढ्न सहयोग गर्न म विशेष आग्रह गर्दछु। साथै यहाँहरूलाई थाहा नै छ कि आजको हाम्रो कार्यसूचीमा हामीले जो अध्यादेशलाई प्रतिस्थापन गर्न आएका विधेयकहरूलाई पाँचवटा विधेयकमाथि छलफल गर्नुछ। त्यसलाई पारित गर्नुछ। समयको हिसाब किताबले पनि अप्ठ्यारो बन्दै गएको छ हामीलाई। तपाईंहरू सबैलाई थाहा छ। हामीसँग समय धेरै छैन। अब यो सिङ्गो राष्ट्रिय सभाको प्रतिष्ठाको पनि विषय बन्छ भोलिका दिनमा। त्यसले गर्दा मैले फेरि पनि माननीय सदस्यहरूलाई आ-आफ्ना स्थानमा बसेर बैठक सञ्चालनको निम्ति सहयोग गर्न म हार्दिक आग्रह गर्दछु।

(माननीय सदस्य श्री कृष्ण प्रसाद सिटौला उठ्नु भो) के होला माननीय सदस्य? केही विषय राख्न खोज्नुभएको हो कि?

(प्रतिपक्षका माननीय सदस्यहरू बोल्दै)

अब विषय के सँग केन्द्रित हुन्छ? .....

माननीयज्यूहरू, ठिक छ अब सभामा बोल्ने अधिकार सबैको हुन्छ। मेरो एउटा विशेष आग्रह के हो यहाँहरू सबै माननीय सदस्यहरूसँग भने हाम्रो जीवनको लामो समय हामीले यहीँ चाहिँ सदन सञ्चालन अथवा यहीँ राजनीति यहीँ प्रक्रियाबाट गुजारेका छौँ। हामीले अहिले आफ्नो अनुकूलता भएका मूल्य मान्यताहरू तोडिराखेका छौँ कि छैनौँ भन्ने कुरा पनि हामी सबैले हेक्का राखौँ। म एउटा चाहिँ यहाँ चेयर गरेको नाताले मैले माननीय सदस्यहरूलाई बोल्न हुन्छ हुन्न पाइन्छ पाइन्न भन्ने कुरामा मेरो धेरै त्यति नहोला। तर पनि मेरो आग्रह के हो भने सबैले आफ्नो धारणा बिचार विषयवस्तु राख्न खोज्दा भोलिका दिनमा ती मूल्य मान्यताहरू फेरि आफैं तिर फर्कन्छन् कि फर्कदैनन् होला भन्ने कुराहरूको पनि हेक्का राख्न जरुरी छ। त्यसकारण चाहिँ सकेसम्म मेरो आग्रह के हो भने यो अहिले हाम्रो गतिविधि जे अगाडि बढेको छ सदनको। यसलाई सकेसम्म मिनिमाइज गर्ने। यसलाई जो दायरा छ नि। त्यो सत्ता पक्ष र प्रतिपक्ष त्यसको बिचको दायरालाई कम गर्ने ..... मद्दत गर्नुहुनेछ भन्ने कुरा राख्दै एकदम सङ्क्षिप्तमा विषय राख्नु हुन अनुरोध गर्दछु।

(१२:३३ बजे) <u>माननीय श्री कृष्ण प्रसाद सिटौला (नेपाल काँग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, अहिले आजको दिनमा जुन कार्यक्रमहरू हामीले प्राप्त गरेको छौँ। यो अध्यादेश पछि प्रतिस्थापन विधेयकको बारेमा हामीले छलफल गर्दैछौँ। संविधानले अध्यादेश स्वीकृत भएपछि जुन प्रतिस्थापन विधेयक आउँछ। यो साठी दिनभित्रमा प्रमाणीकरण भइसक्नुपर्छ। प्रतिनिधि सभाबाट पारित गरेर यहाँ पठाएको छ। हामीले अब यो विधेयकको बारेमा के गर्ने हो भन्ने प्रक्रिया अवरुद्ध गर्ने हो भने साठी दिन भित्र पनि यसलाई हामी निष्कर्षमा नपुऱ्याउने हो भने यो पुरै राष्ट्रिय सभाले के सन्देश दिन्छ कि विधेयकहरू पारित गर्ने समयलाई पनि क्रश गर्न खोजेको देखिन्छ। त्यसकारण अध्यक्षज्यूसँग मेरो एउटा humble request छ। मैले कुनै जवाफ दिन खोजिराख्या छैन यहाँ। म संविधान भित्रको कुरा गरिराखेको छु। र कस्तो परम्परा बसाउने त्यो पनि कुरा गरिराखेको छु। मैले प्रतिपक्षका साथीहरूले उठान गरेको कुरालाई मैले कुनै तथ्यमा

बसेर जवाफ दिन खोजेको छैन तर संवैधानिक प्रश्नमा मेरो एउटा सुझाव दिन चाहन्छु अध्यक्ष महोदयलाई। हाम्रो यो सबैको आग्रह छ। सबैको तर्फबाट आग्रह गर्न चाहन्छु। यताको side बाट के भन्देखिन् प्रतिस्थापन विधेयक प्रमाणीकरण नहुने अवस्थामा पुग्न दिनु हुँदैन राष्ट्रिय सभाले। यो सरकारको निजी विषय बन्दैन अब। यो राष्ट्रिय सभाको साझा विषय हो। यो पारित होला। यो संशोधन होला। यो असफल होला त्यो आफ्नो ठाउँमा छ। तर यसको प्रक्रियालाई नै रोकेर साठी दिन क्रश गर्ने गरी राष्ट्रिय सभा गयो भन्देखिन् हामीले आफ्नो दायित्व निर्भाह ..... । त्यसकारण हामीले आफ्नो दायित्व निर्माण गर्ने कुराबाट हामी चुक्यौं भने मेरो एउटा सुझाव राख्न चाहन्छु। यो बेन्चको सबै साथीहरूको तर्पबाट।

(१२:३५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, एउटा कुरा हामी सबै यो राष्ट्रिय सभाका सबै माननीय सदस्यहरूले के थाहा छ भने, हामीले सहमति कै आधारमा गरेका छौं। हाम्रो ठाउँबाट सकेसम्म सहमतिको निम्ति प्रयत्न भएकै यहाँहरू सबैलाई अवगत नै छ। बिना सहमति अगाडि बढ्ने परम्परा पनि छैन। त्यो राम्रो विषय पनि होइन। त्यसले गर्दा सहमतिका आधारमा सञ्चालन गर्ने भएको हुनाले मैले के अनुरोध गर्दछु भने आफ्ना विषयहरू राजनीतिक ढङ्गले राख्ने कुरा एउटा कुरा भयो। तर पनि मैले अहिले विशेष गरेर उभिरहनुभएको माननीय सदस्यहरूलाई यो बैठक सञ्चालनको निम्ति सहयोग गरिदिनुहुन फेरि पनि आग्रह गर्दछु।

अ ..... यो धेरै पक्ष विपक्ष वाद विवाद गर्ने भन्दा पनि

माननीय सदस्यहरू, सदनमा अवरोध कायमै रहेकाले यो बैठक आजै १ घण्टा पछि बस्ने गरी यहीं स्थगित हुन्छ।

**स्थगितः १२ः ३६ बजे।**